लिसंखु पाखर गाउँपालिकाको १६ औं अधिवेशनमा मिति २०८१ साल असार १० गते सोमवार

अध्यक्ष राजु लामाज्यूले

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८१/०८२ को

# नीति तथा कार्यक्रम

## लिसंखु पाखर गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

अत्तरपुर , सिन्धुपाल्चोक

यस गाउँसभाको उपाध्यक्ष ज्यु,

सचिव तथा प्रमुख प्रशासकीय अधिकृत ज्यु,

यस गाउँसभाको मान्य सदस्यहरु

१. यस लिसंखु पाखर गाउँपालिकाको अध्यक्षको हैसियतले यस सम्मानित सभालाई सम्बोधन गर्न पाउदा अत्यन्त खुसी लागेको छ ।

२. नेपालको संविधानले सुनिश्चित गरेका प्रावधानहरुलाई व्यवहारत कार्यान्वयन गर्ने क्रममा दोस्रो स्थानीय तहको निर्वाचन भई हामिले कार्यभार सम्मालेर दुई आर्थिक वर्षको बजेट नीति तथा कार्यक्रम कार्यान्वयन गरी स्थानीय सरकारको रुपमा आज तेस्रो नीति तथा कार्यक्रम आगामी आर्थिक वर्ष २०८१/८२ को लागि प्रस्तुत गर्नु पाउदा निकै हर्षित र गौरान्वित महसुश गरेको छु ।

३. यस अवसरमा म सर्वप्रथम त संघिय लोकतान्त्रीक गणतन्त्रात्मक राज्य व्यवस्थाको स्थापना गर्ने सम्मको महान परिवर्तन गर्नको लागि अहम भुमिका निर्वाह गर्ने तथा विभिन्न कालखण्डमा राष्ट्र प्रति समर्पित तथा मुलुकको सर्वाङ्गीण विकास, समृद्धि र अग्रगमनको लागि विभिन्न समयमा भएको राजनितिक क्रान्ति, सशस्त्र जनयुद्ध एवम् आन्दोलनमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात महान सहिदहरु प्रति हार्दिक श्रद्धासुमन सहित भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

४. यस लिसंखु पाखर गाउँपालिकाको सरकारको रुपमा निर्वाचित गराई यो महत्त्वपुर्ण जिम्मेवारी सुम्पिनुहुने लिसंखु पाखर गाउँपालिकाको सम्पुर्ण दाजु भाई तथा दिदि बहीनीहरुलाई हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दै यहाहरुको आशा, अपेक्षा र हाम्रो प्रतिवद्धता पुरा गर्ने दिशामा आगामी आर्थिक वर्ष २०८१/८२ को यस नीति तथा कार्यक्रम लक्षित रहेको कुरा जानकारी गराउन चाहान्छु ।

५. यस वर्तमान स्थानीय सरकार यस गाउँपालिकामा आर्थिक-सामाजिक रुपान्तरणको लागि सर्वाङ्गीण विकास, सुशासन र सामाजिक न्याय सहित आत्मनिर्भर गाउँपालिका निर्माण गर्न प्रतिवद्ध छ। गाउँ बासि नागरिकको सुख र समुन्नतिका लागि समतामुलक समाजको निर्माण गर्दै स्थानीय सरकार प्रति आशा र भरोसा जगाउने गरी यस स्थानिय सरकारले आफ्ना नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ।

६. संविधान कार्यान्वयन, सङ्घीयताको सबलीकरण, उत्पादन र उत्पादकत्त्व वृद्धि, रोजगारीको सृजना, सुशासन प्रवर्द्धन, सार्वजनिक सेवा प्रवाहमा सुधार र सबलीकरण, नागरिकमैत्री शासन प्रणालीको स्थापना तथा भ्रष्ट्राचार नियन्त्रण र चुस्त प्रशासनिक संगठन निर्माण सरकारको मुख्य प्राथमिकता रहेको छ। सुशासनलाई संस्थागत गर्न, दिगो र गुणस्तरिय विकास निर्माणलाई गति दिन र स्थानीय तहबाट हुन सेवा प्रवाहमा सारभुत र आम जनताले अनुभुति गर्न सक्ने सुधार गर्न सरकार स्पष्ट कार्ययोजनाको साथ अघि बढेको छ।

मान्य सदस्यहरु,

७. "स्वस्थ, सुखी र समृद्ध लिसंखु पाखर, पर्यटन, जलस्रोत, शिक्षा र कृषिमा आधुनिकिकरण र आत्मनिर्भर" भन्ने सोचको साथ निर्माण गरिएको यस लिसंखु पाखर गाउँपालिकाको पहिलो आवधिक योजनामा आधारित भई आगामी आर्थिक बर्ष २०८१/८२ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ। प्रस्तुत नीति तथा कार्यक्रमले नागरिकको आर्थिक पुनरुत्थान, सुशासन, सामाजिक न्याय र समृद्धिलाई केन्द्रमा राखेको छ।

८. पहिलो आवधिक योजनाको प्रभावकारी कार्यान्वयन गरी योजना र बजेट बिच तादाम्यता कायम गरिनेछ। संघ र प्रदेश सरकारसँग प्रभावकारी समन्वय र साझेदारीलाई सुदृढ गरी समृद्ध पालिका निर्माण गरिनेछ।

९. नेपालको संबिधानले व्यवस्था गरेको मौलिक हक तथा अनुसुची ८ अनुसारको एकल र अनुसुची ९ बमोजिमको साझा अधिकारले निर्दिष्ट गरेको अधिकार प्रयोग गर्न आवश्यक कानुन निर्माण गरी एक सबल स्थानीय सरकारको रुपमा उभ्याईने छ ।

१०. नेपाल सरकार र प्रदेश सरकारले प्रस्तुत गरेको बजेट नीति तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरी विकास निर्माणमा सहयोग गरिनेछ ।

११. उत्पादनशील, रोजगारमुलक र न्यायपुर्ण वितरण सहितको उच्च, फराकिलो, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्दै समष्टिगत आर्थिक स्थायित्त्व कायम गरिनेछ। सार्वजनिक श्रोतको प्राथमिकिकरण गरी सार्वजनिक खर्चमा विनियोजन कुशलता र कार्यान्वयन दक्षतामा वृद्धि गरिनेछ।

१२. आन्तरिक श्रोतको परिचालनलाई दिगो बनाईनेछ । राजस्वका थप क्षेत्र पहिचान गरी दायरा विस्तार गरिनेछ। सबै प्रकारको आर्थिक क्रियाकलापलाई औपचारिक प्राणालीमा आबद्ध गर्न जोड दिइनेछ। करदाताको व्यावसायिक लागत घटाउने गरी कर प्रणालीमा सुधार गरिनेछ । आधुनिक प्रविधिको अधिकतम उपयोग गर्दै राजस्व प्रशासनको दक्षता बढाईनेछ। यस लिसंखु पाखर गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयार गरी आन्तरिक राजस्वलाई व्यवहारिक र वैज्ञानिक बनाई वृद्धि गरिनेछ।

१३. सहकारी संस्थाहरु स्थापनाको उद्देश्य अनुरुप सञ्चालन हुनुपर्ने व्यवस्था गरिनेछ । स्थानीय सहकारी नीतिलाई समयानुकुल बनाईनेछ । सहकारी र लघुउद्यमलाई जोडी उद्यमशिलतामा विकास गरी सहकारी क्षेत्रको बचत तथा लगानीको सुरक्षा गरिनेछ।

१४. सहकारी संस्थाहरु अनिवार्य रुपमा सहकारी तथा गरिबि सम्बन्धी व्यवस्थापन सुचना प्रणालीमा आबद्ध हुनुपर्ने व्यवस्था मिलाईनेछ।

१५. नेपाल सरकारको आगामी आर्थिक वर्ष भित्र गरिब घरपरिवार पहिचान कार्य सम्पन्न गर्ने कार्यलाई सहयोग गरी गरिब लक्षित कार्यक्रमहरु एकिकृत रुपमा

सञ्चालन गरिनेछ । पहिचान भएको गरिबको निशुल्क बिमा गरी संरक्षणको प्रत्याभुति दिलाईनेछ ।

१६. विकास आयोजना छनौट गर्दा सामाजिक-आर्थिक लाभ, वडागत सन्तुलन, उत्पादन र रोजगारी सिर्जनालाई प्रमुख आधार लिईनेछ । पुर्व तयारी पुरा भएको र प्रतिफल सुनिश्चित भएका आयोजना मात्र छनौट गरिनेछ । कार्यान्वयनमा रहेका आयोजना तथा कार्यक्रमहरुको पुन:प्राथमिकीकरण गरी नतिजा दिने र तोकिएको समयमा सम्पन्न हुनसक्ने आयोजना तथा कार्यक्रममा यथेष्ट बजेट विनियोजन गरिनेछ । आयोजनाको कार्यान्वयनको प्रगतिको आधारमा सम्पन्न गर्ने, निरन्तरता दिने, स्थगन गर्ने वा खारेज गर्ने नीति लिईनेछ ।

१७. वर्तमान स्थानीय सरकारले उत्पादन, उत्पादकत्त्व र रोजगारी वृद्धिलाई उच्च प्राथमिकतामा राखेको छ । सिप पुँजी भएका युवाहरुलाई उद्यमशिलतासँग जोड्ने र सिप पुँजी नभएका तर ईच्छाशक्ति भएका युवाहरुलाई वित्तिय संस्थासँग जोडि उद्यमशिलता सस्कृतिको विकास गरिनेछ ।

१८. यस लिसंखु पाखर गाउँपालिकाको कृषि क्षेत्रको संभावनालाई मध्येनजर गरी कृषि क्षेत्रको उत्पादन, उत्पादकत्त्व वृद्धि, आधुनिकिकरण, व्यावसायीकरण एवम् बजारीकरणको स्पष्ट मार्गचित्र तयार गरी कार्यान्वयनमा ल्याईनेछ । उत्पादन देखी बजारीकरणसम्मको कृषि ईको सिस्टम विकास गरी कार्ययोजना तयार गरिनेछ । कृषि क्षेत्रलाई प्राथमिकता दिइ आगामी आर्थिक वर्षमा लगानी सम्मेलन गरी निजि, सहकारी तथा विकास साझेदारको लगानी वृद्धि गरिनेछ ।

१९. यहाका कृषकहरुलाई उत्पादनको साधनमा सहज पहुँच हुने सुनिश्चित गरी कृषि उत्पादनमा आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहित गरिनेछ । छरिएर रहेको कृषि भुमिको एकिकरण गरी सामुहिक खेती, करार खेती एवम् सहकारी खेतीको प्रवर्द्धन गरिनेछ । कृषियोग्य जमिनमा व्यावसायिक विकास गरी नेपाल सरकार, प्रदेस सरकार र नीजि क्षेत्रको सहकार्यमा खाद्य प्रशोधन उद्योग स्थापना गरिनेछ ।

२०. उत्पादन, उत्पादकत्त्व र सम्भाव्यताका आधारमा प्रत्येक वडालाई कृषि उपज विशेष उत्पादन क्षेत्र निर्धारण गरिनेछ। कृषक समुह र सहकारीसँग समन्वय गरी एकिकृत उत्पादन र बजारिकरणको व्यवस्था मिलाईनेछ । कृषियोग्य बाझो जमिनमा पशुपालन, फलफुल, गैरकाष्ठ वन पैदावार तथा नगदेबाली खेति गर्न सहयोग गरिनेछ।

२१. सबै वडामा माटोको उर्वराशक्ति अनुसारको बालि लगाई उत्पादकत्त्व वृद्धि गर्न पालिकामा निशुल्क माटो परिक्षण गरी सोहि अनुसारको कृषकहरुलाई तालिम तथा बिउ उपलब्ध गराई व्यावसायिक कृषि क्षेत्रको विकास गरिनेछ ।

२२. सहकारी तथा नीजि क्षेत्र समेतको सहभागीतामा स्थानीय कृषि बजार संरचना निर्माण र सञ्चालन गरिनेछ। कृषि तथ्यांक संकलन, विश्लेषण र प्रक्षेपण गरी बजार सुचना प्रणालीको विकास गरिनेछ। चिस्यान केन्द्रको यथाशक्य संचालन गरी कृषकहरुको उत्पादन उपयुक्त समयमा उपयुक्त मुल्यमा विक्रि गरी कृषकहरुले उपयुक्त मुल्य पाउने व्यवस्था मिलाईनेछ।

२३. युवा कृषक तथा उद्यमीहरुसँगको साझेदारीमा वडास्तरमा नमुना फार्म स्थापना गरी सिकाई केन्द्रको रुपमा विकास गरिनेछ। कृषि अनुसन्धानका कार्यक्रमहरु किसानका समस्या र बजारको माग अनुरुप निर्देशित हुने व्यवस्था मिलाईनेछ।

२४. कृषि तथा पशुहरुको बीमा गर्न जागरण तथा सचेतना अभिवृद्धि

२५. मुलक कार्यहरु गरिने छ र सबै व्यावसायिक कृषकहरुलाई बिमा गर्न सहजीकरण गरिने छ साथै कृषकहरुको मागको आधारमा उपयुक्त तालिमको व्यवस्था मिलाईनेछ।

२६. जैविक तथा प्राङ्गारिक मलको प्रयोग गरी अर्गानिक खेतिको लागि कृषकहरुलाई प्रोत्साहन गरिनेछ। रासायनिक मलको खपत न्युनिकरण गरी गोठे मल, हरियो मल, कम्पोष्ट मल उत्पादनलाई प्राथमिकता दिई माटोको उर्वराशक्तिलाई वृद्धि गरिनेछ।

२७. यस लिसंखु पाखर गाउँपालिका भित्र उत्पादन गरिने आलु, तरकारी, तथा खाद्यान्न बालीको बिउ प्रमाणीकरण, बिउ बैंक स्थापना, रैथाने बालीको संरक्षण तथा उत्पादित वस्तुको ब्रान्डिङ्ग गरी बजारीकरण गरिनेछ।

मान्य सदस्यहरु,

२८. गैरकाष्ठ वन पैदावार र औषधिजन्य तथा सुगन्धित वनस्पतिको वैज्ञानिक र व्यवस्थित अध्ययन गरी उत्पादन, प्रशोधन र बजारीकरणको व्यावसायिक योजना तयार गरिनेछ।

२९. वन्यजन्तुमैत्री पुर्वाधार निर्माण, जैविक मार्ग पुन:स्थापना, नवीन प्रविधिको प्रयोग तथा वैकल्पिक कृषि बाली प्रवर्द्धन गरी वन्यजन्तु बासस्थान सुरक्षा एवम् वन्यजन्तुबाट मानव जीवन तथा कृषिमा पर्ने असर न्युन गरिनेछ। बाँदर, बदेल, दुम्सी, हरिण तथा मृगलगायतका जीवजन्तुबाट बालीनालीमा हुने क्षति न्युन गर्न सबै वडाहरुसँग समन्वय गरी नियन्त्रनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

३०. निर्माणाधिन औद्योगिक ग्रामको निर्माणलाई तिब्रता दिइ उद्योग स्थापना तथा सञ्चालनको लागि आवश्यक कानुन निर्माण गरी प्रकृया र संरचनालाई समयानुकुल बनाई निजी क्षेत्रलाई आकर्षित गरिनेछ।

३१. उद्योग र कृषि तथा अन्य क्षेत्रका उत्पादन, उपभोग र रोजगारी वृद्धिसँग सम्बन्धित कार्यक्रमहरु एकिकृत रुपमा सञ्चालन गरिनेछ। उद्यमशिलता र नवप्रवर्तनलाई प्रोत्साहित गर्न सहयोग पुर्याउने कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ। सिपमुलक तालिम उपलब्ध गराई उद्यमशिलता विकास र स्वरोजगार प्रवर्द्धन हुनेगरी कार्यान्वयन गरिनेछ।

३२. वैदेशिक रोजगारीबाट फर्केका युवा, दलित, महिला तथा सिमान्तकृत समुदायको उद्यमशीलता विकास गरी स्थानीय तहमा लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन र स्तरोन्नती गरिनेछ । रैथाने तथा परम्परागत सिप र पेशामा आधारित उद्यम प्रवर्द्धन गरिनेछ।

३३. यस पालिकाको पहिचान मुर्तिकला, थाङ्का, काष्ठकला लगायतका पारम्परिक हस्तकला प्रवर्द्धन गरी स्थानीय उत्पादनको राष्ट्रिय तथा अन्तराष्ट्रिय पहुँच बढाउन आवश्य व्यवस्था मिलाईनेछ ।

३४. उपभोक्ताको संवैधानिक अधिकार प्रत्याभुति गर्न बजार अनुगमनलाई थप प्रभावकारी बनाईनेछ ।

मान्य सदस्यहरु,

३५. ग्रामिण समुदाय, उत्पादनशील कृषि क्षेत्र र सामाजिक आर्थिक केन्द्रलाई सडक सञ्जालले जोडिनेछ । हालसम्म सडक सञ्जालमा नजोडिएको समुदायलाई नजिकको सडकसँग जोडिनेछ साथै सबै वडा कार्यालयहरुसँग जोडीएको मुख्य सडकलाई स्तरउन्नती गरिनेछ ।

३६. समग्र आर्थिक-सामाजिक विकास एवम् व्यापार सहजीकरणका लागि सडक पुर्वाधारलाई गुणस्तरिय र सुरक्षित बनाईनेछ । रणनितिक र व्यापारिक महत्त्वको सडकखण्डको निर्माण र स्तरोन्नती गरिनेछ ।

३७. आगामी आर्थिक वर्षमा ताङ्जो महांकाल, अधुरो पुर्वाधार निर्माण, व्यवस्थित र सहज पालिका र वडा कार्यालय भवन, खेल मैदान, वाफल चिप्ले बाघखोर पर्यटक क्षेत्रको विकास गर्नको लागि प्राथमिकताका साथ अघि बढाईनेछ ।

३८. यस लिसंखु पाखर गाउँपालिकाको आर्थिक सामाजिक र व्यापारिक महत्त्व तथा हाम्रो गौरवको योजना रिङरोडको डि.पि.आर. तयार भइसकेको छ र आगामी आर्थिक वर्ष देखी निर्माण कार्य सुरु गरिनेछ त्यसको लागि आवश्यक बजेट संघिय सरकार र प्रदेश सरकारसँग समन्वय गरी आवश्यक बजेट मिलाईनेछ ।

३९. यस विकट भुभागमा पुर्वाधार विकास गरी समृद्ध बनाउने क्रममा क्रमश: गाउँपालिका भित्रका प्रत्येक वडाहरुलाई बाह्र महिना सडक संचालन गर्न सकिने गरी सडक स्तरोन्नती गर्ने तर्फ ध्यान केन्द्रित गरिनेछ ।

४०. उपभोक्ता समिति मार्फत गरिने विकास निर्माणको कार्यलाई प्रभावकारी बनाउन आवश्यक तालिम तथा अभिमुखिकरणको व्यवस्था गरी त्यस्तो योजनाहरुमा अपनत्त्व र स्वामित्त्वको व्यवस्था मिलाईनेछ।

४१. दिगो पुर्वाधार विकासको रणनिति अवलम्बन गर्दै गाउँपालिकाका नागरिकलाई पुर्वाधार विकास मार्फत रोजगारीको अवसर सिर्जना गर्न आवश्यक पहल गरिनेछ ।

४२. गाउँपालिका भित्रको सबै निर्मित भवनहरुको अभिलेखिकरण गर्ने, नया निर्माण हुने भवनहरुको नक्सा पास गर्ने कार्यलाई बाध्यात्मक बनाउने, सबै घरहरुको नम्बर कायम गरि बसोबासलाई व्यवस्थित बस्ति विकास गर्ने रणनिति अपनाईनेछ।

४३. यस पालिका भित्र रहेको स्वास्थ्य संस्थाहरुको भौतीक संरचनाहरु सुधार गरि गुणस्तरिय स्वास्थ्य सेवा प्रवाह गर्ने व्यवस्था मिलाईनेछ।

४४. जिर्ण तथा स्तरउन्नती गर्नुपर्ने वडा कार्यालयहरुलाई यथाशिघ्र स्तरउन्नती गरी चुस्त, छिटो र छरितो सेवा प्रवाह गरिनेछ ।

मान्य सदस्यहरु,

४५. यस लिसंखु पाखर गाउँपालिका भित्र रहेको सबै सार्वजनिक निकायहरुमा ब्रोडब्याण्ड ईन्टरनेट विस्तार भईसकेको छ सो निकायहरुबाट हुने सेवा प्रवाहलाई प्रविधिमैत्री, चुस्त र दुरुस्त बनाउने कार्यमा हाम्रो ध्यान केन्द्रित हुनेछ।

४६. पालिका भित्र स्वच्छ, गुणस्तरिय र भरपर्दो खानेपानी सुविधा उपलब्ध हुनेगरी खानेपानीको कार्यक्रम कार्यान्वयन गरिनेछ। विभिन्न क्षेत्रबाट वितरण भईरहेको खानेपानीको गुणस्तर परिक्षण र नियमन गरिनेछ । भुमिगत र सतह श्रोतको संरक्षण गर्दै एक घर एक धारा कार्यक्रमलाई प्रभावकारी बनाईनेछ।

मान्य सदस्यहरु,

४७. शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक न्यायलगायतका संविधान प्रदत्त हकको सुनिश्चितताको लागि जनसाङ्ख्यिक वितरणको वस्तुगत अध्ययन गरी लक्षित कार्यक्रम सञ्चालन गरिनेछ । लैंगिक उत्तरदायी शासकीय पद्धतिलाई संस्थागत गरिनेछ ।

४८. बालबालिका माथिको दुर्व्यहार, महिला हिंसा, मानव बेचबिखन, बलात्कार, छुवाछुत, लागुपदार्थ दुर्व्यसन, छाउपडी, दाईजो जस्ता विकृति र शोषण अन्त्य गरिनेछ । दाईजो, बोक्सी, झाक्री लगायतको समस्या नियन्त्रण गर्न सामाजिक कुरिति नियन्त्रण सम्बन्धी कानुनी व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरिनेछ । बलात्कार तथा घरेलु हिंसा लगायत सबै प्रकारको हिंसा, विभेद र शोषण सम्बन्धी मुद्दामा सरल, सुलभ र छिटो न्यायिक निरुपण तथा मेलमिलाप हुने व्यवस्था मिलाईनेछ ।

४९. अभिभावक विहिन, असहाय, अपाङ्गता भएका बालबालिका, अशक्त, बेवारिसे हिंसापिडित तथा सडक बालबालिकाको उद्धार र संरक्षणका लागि वडा तहमा आपत्कालिन बाल उद्धार तथा पुन:स्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।

५०. ज्येष्ठ नागरिकको हेरचाहमा परिवार र समाजको भुमिकाबारेमा नीतिगत व्यवस्था गरिनेछ । ज्येष्ठ नागरिकलाई सार्वजनिक सेवामा प्राथमिकता दिनुका साथै सहुलियतको प्रबन्ध गरिनेछ । ज्येष्ठ नागरिकलाई घर घरमा नै नियमित स्वास्थ्य परिक्षण एवम् औषधि उपलब्ध गराउने र सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

५१. अपाङ्गता भएको व्यक्तिहरुलाई सम्मान पुर्ण जीवनको प्रत्याभुति गर्न अपाङ्गता विशेष कार्यक्रम सञ्चालन गरिनेछ । अपाङ्गतामैत्री सार्वजनिक संरचना तथा सेवा प्रवाहको व्यवस्था मिलाईनेछ । अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक सहायक सामाग्री नि:शुल्क उपलब्ध गराउने प्रबन्ध मिलाईनेछ ।

५२. विद्यमान संस्थागत व्यवस्थामा पुनरावलोकन गरि गाउँको आवाश्यक्ता र प्राथमिकताका क्षेत्रमा गैरसरकारी संस्थाको परिचालन गर्न कानुनी र नीतिगत व्यवस्था गरिनेछ।

मान्य सदस्यहरु,

५३. आगामी आर्थिक वर्ष भित्र सबै बालबालिकालाई आधारभुत शिक्षा प्राप्त हुने सुनिश्चित गरिनेछ । ज्येष्ठ नागरिकबाट नयाँ पुस्तामा बालबालिका तथा युवावर्गमा ज्ञान सिप तथा अनुभव पुस्तान्तरण गर्न आवश्यक प्रबन्ध मिलाईनेछ।

५४. सार्वजनिक पद धारण गरेको पदाधिकारी तथा राष्ट्र सेवक कर्मचारीहरुको छोराछोरीलाई सार्वजिक विद्यालयमा भर्ना अभियानलाई थप कडाईको साथ कार्यान्वयन गरी विद्यालय शिक्षा प्रणालीलाई थप व्यवहारिक, वैज्ञानिक, समयानुकुल, प्रतिस्पर्धी र प्रविधिमैत्री बनाउन आवश्यक कार्य गरिनेछ।

५५. नेपाल सरकारको “एक पालिका एक स्मार्ट विद्यालय” अवधारणालाई कार्यान्वयन गर्न यस पालिकामा उपयुक्त एक विद्यालयलाई स्मार्ट विद्यालय घोषणा गरी विद्यालय शिक्षालाई प्रविधिमैत्री बनाई शिक्षण सिकाईमा रहेको असमानता कम गर्न र गुणस्तरिय शिक्षामा सबैको पँहुचमा वृद्धि गरिनेछ।

५६. स्थानिय समुदायमा बाहुल्यता रहेका आधारमामातृ भाषामा स्थानिय पाठ्यक्रमको विकास गरिसकिएकोर अध्यापन कार्यको सुरुवात पनि भइसकेकोले सबै विद्यालयमा मातृ भाषामा अध्यापन कार्यलाई विस्तार गरीमातृ भाषा तथा संस्कृतिको प्रवर्द्धन गरिनेछ।

५७. भोक रहित विद्यालय सिकाइलाई व्यवस्थित गर्न दिवा खाजा कार्यक्रमलाई आधारभुत तहका सबै कक्षामा विस्तार गरि स्थानीय उत्पादनको उपयोग हुने गरी आधारभुत तहको विद्यार्थीलाई पोषिलो, ताजा र गुणस्तरिय खाजा उपलब्ध गराउन दिवा खाजा कार्यक्रममा स्थानिय कृषक समुह तथा कृषि सहकारीहरुसँग

समन्वय र साझेदारी गरिनेछ । साथै दिवा खाजा कार्यक्रमको प्रतिवेदन र अनुगमन प्रणलीलाई प्रभाकावकारी बनाइनेछ ।

५८. विद्यायमा "साथीबाट सिक्ने साथीलाई सिकाउने" प्रणालीलाई प्रोत्साहन गरिनेछ । ट्राफिक सचेतना, स्वस्थ जीवन, तत्काल उपचार विधि, वातावरण तथा सरसफाई , विपदबाट जोगिने उपाय जस्ता दैनिक जीवनसँग सम्बन्धित विषयमा दस बर्ष माथिका विद्यार्थीलाई सम्बद्ध निकायसँगको सहकार्यमा सिप तथा प्रशिक्षण प्रदान गरिनेछ ।

५९. शिक्षक कर्मचारीहरुलाई पेशागत सहयोग क्षमता विकास तथा विद्यालयहरुमा शैक्षिक पुर्वाधार व्यवस्थापनबाट गुणस्तरिय शिक्षा प्रवर्द्धन गरी सो को सुनिश्चितताको लागि नियमित स्थलगत अनुगमन सुपरिवेक्षणलाइ प्रभावकारी तुल्याइनेछ ।

६०. विद्यालय तथा विद्यार्थी मुल्यांकन मापदण्ड तयार गरी उपलब्धी स्तरको आधारमा प्रोत्साहन गरिनेछ ।

६१. अध्यक्ष शैक्षिक सुधार कार्यक्रमलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिइ गुणस्तरिय शिक्षालाई टेवा पुग्ने शैक्षिक क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

मान्य सदस्यहरु,

६२. स्थानीय स्वास्थ्य प्रणाली, भौतिक पुर्वाधार, जनशक्ति र श्रोतसाधनको एकिकृत एवम् समन्वयात्मक परिचालन गरी प्रत्येक नागरिकलाई आधारभुत स्वास्थ्य सुविधाको प्रत्यभुति गरिनेछ । निर्माण सम्पन्न ५ सैया अस्पताललाई यथाशिघ्र श्रोत साधनको व्यवस्था गरी सञ्चालनको लागि उचित पहल गरिनेछ ।

६३. गाउँपालिका क्षेत्र भित्रका सबै स्वास्थ्य चौकीहरुलाई सुविधा सम्पन्न बनाई स्थानिय तहबाट प्रवाह हुने सबै किसिमको स्वस्थ्य सेवा सुलभ, छिटो र गुणस्तरिय रुपमा प्रवाह हुने व्यवस्था मिलाईनेछ ।

६४. गाउँ घर क्लिनिक र खोप क्लिनिक सञ्चालन कार्यक्रमलाई थप सुविधा सम्पन्न बनाई सेवा प्रवाह गर्ने साथै सबै स्वास्थ्य केन्द्रहरुमा ल्याब सञ्चालन कार्यको समेत विस्तार गरिनेछ ।

६५. सार्वजनिक प्रशासन, शिक्षा, स्वास्थ्य, पर्यटन र सामाजिक विकासको क्षेत्रमा योग, ध्यान र स्वजागरणका मौलिक र वैज्ञानिक पद्धतिलाई मुलप्रवाहिकरण गरी स्वस्थ र नैतिकवान समाज निर्माण गर्न योग र ध्यानको स्वजागरण अभियान सञ्चालन गरिनेछ ।

६६. लागु औषध दुर्व्यसनको रोकथाम तथा नियन्त्रण, अवसाद, मानसिक चिन्ता तथा मनोरोगको नियन्त्रण, आत्महत्या रोकथाम लगायतका मानसिक स्वास्थ्य प्रवर्द्धनात्मक क्रियाकलापहरुलाई प्राथमिकताकासाथ समुदायस्तरमा सञ्चालन गरिनेछ ।

मान्य सदस्यहरु,

६७.यस लिसंखु पाखर गाउँपालिकाको युवा जनशक्तिलाई दक्ष र प्रतिस्पर्धी बनाउदै बजारको माग अनुसार उत्पादनशिल रोजगारी प्रवर्द्धन गरिनेछ । लिसंखु पाखर गाउँपालिका भित्र श्रम तथा रोजगारको क्षेत्रहरुको सम्भाव्यता अध्ययन गरी वेरोजगार व्यक्तिहरुलाई रोजगार तथा स्वरोजगार बनाउनको लागि उपयुक्त रोजगार नीति लिईनेछ ।

६८. बेरोजगार सुचीमा सुचीकृत बेरोजगारहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत न्युनतम १०० दिनको रोजगारको प्रत्याभुति गराई तोकिएको स्थानहरुको विकासको काममा सहभागी गराउनको साथै गाउँपालिकाबाट सञ्चालित सबै किसिमका श्रम मुलक कार्यहरुमा प्राथमिकता दिईनेछ ।

६९. श्रम गर्ने बानी बसाल्नको लागि सबै प्रकारका श्रमहरुको उचित सम्मान सहित उत्कृष्ट श्रम गर्ने श्रमिकलाई सम्मान गर्ने नीति ल्याईनेछ । यसका साथै “श्रमको

सम्मान राष्ट्रको अभियान" कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

७०. बैदेशिक रोजगारलाई मर्यादित र सुरक्षित बनाउनका लागि बैदेशिक रोजगारसँग सम्बन्धित जानकारिहरुका साथै वैदेशिक रोजगारिमा जान चाहानेहरुका लागि श्रम स्वीकृति एवं पुन: श्रम स्वीकृतिको लागि रोजगार सेवा केन्द्र मार्फत सेवा प्रवाह गरिनेछ ।

७१. युवाहरुलाई सिपविकास, वित्तिय साक्षरता तथा उद्यमशीलता तालिममार्फत सामाजिक जीवनका सबै क्षेत्रमा महत्त्वपुर्ण साझेदार र संवाहकका रुपमा अगाडि बढाईनेछ ।

७२. सबैका लागि खेलकुद तथा योग अभ्यासको अवसर सिर्जना गरिनेछ । यस पालिकामा राष्ट्रिय तथा अन्तराष्ट्रिय खेल क्षेत्रमा आफ्नो र राष्ट्रको नाम चम्काईरको कुरा हामिलाई अवगत नै छ । उनीहरुलाई प्रोत्साहन गर्ने र अन्य सम्भावना भएका तर अवसर नपाएका युवाहरुलाई अवसर दिनको लागि विभिन्न किसिमको खेलकुद प्रतियोगिताहरु आयोजना गरिनेछ ।

७३. विद्यालय क्षेत्रमा दिइदै आएको विभिन्न खेलकुद तालिमलाई थप प्रभावकारी बनाई मागको आधारमा थप खेलकुद तालिम उपलब्ध गराई समय समयमा बालबालिकाको उमेरगत तथा कक्षागत खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ । खेल क्षेत्रमा महिला सहभागीता बढाईनेछ । खेलाडिको सम्मान र वृत्ति विकासको लागि विशेष कार्यक्रम कार्यान्वयन गरिनेछ ।

७४. खेलकुद पुर्वाधार निर्माणलाई उच्च प्राथमिकतामा राखिनेछ । गाउँपालिका स्तरिय रंगशाला वडा नं ७ को लामाचौर खेल मैदान निर्माण आगामी आर्थिक बर्ष देखी सुरु गर्न बजेटको व्यवस्था गरिनेछ । त्यसैगरी एक वडामा एक खेल मैदान निर्माण गर्ने अभियानको थालनी गरिनेछ ।

७५. यस लिसंखु पाखर गाउँपालिकामा एक खेलकुद ग्रामको निर्माण गर्ने आगामी आर्थिक बर्षमा सम्भाव्यता अध्ययन गरी संघिय सरकार र प्रदेश सरकारसँग समन्वय गरी निर्माण प्रक्रिया अघि बढाउ विशेष पहल गरिनेछ ।

७६. युवाहरुलाई उपलब्ध श्रोत साधनको परिचालन गरी रोजगारी सिर्जना मार्फत गरिबी न्युनिकरण गर्ने, युवाहरुलाई सिर्जनात्मक कार्यहरुमा उत्प्रेरित गर्ने, खेलकुद तर्फ प्रोत्साहन गर्ने खालका युवा लक्षित कार्यक्रमहरु ल्याईनेछ ।

७७. बैदेशिक रोजगारबाट फर्किएको युवाहरुलाई युवा स्वरोजगार कार्यक्रम मार्फत रोजगार मुलक उद्योग स्थापना र स्वावलम्बन रुपी व्यवसाय सञ्चालनमा अनुदान र आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

मान्य सदस्यहरु,

७८. सेवा प्रवाह, विकास र सुशासनका जनअपेक्षा पुरा गर्न गाउँकार्यपालिकाको कार्यालय र सो अन्तर्गतको सबै कार्यालयहरुलाई थप प्रभावकारी, सबल, सक्षम र व्यावसायिक तुल्याईनेछ । सेवा प्रवाहको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरिक वडापत्र, सुचनाको हकको प्रत्याभुति, पारदर्शिता, जवाफदेही र उत्तरदायी बनाई सुशान कायम गराउन उचित पहल गरिनेछ ।

७९. विकट भौगोलिक क्षेत्र आई काम गर्ने पर्ने बाध्यता भएकोले आवश्यक कानुन बनाई सथाशक्य स्थानीय प्रोत्साहन भत्ताको व्यवस्था मिलाई कर्मचारीहरुको मनोवल बढाउने, नियमित कार्यालयमा उपस्थित हुने, नागरिकहरुको पिर मार्का सुन्ने, गाउँपालिकाको बजेट, नीति तथा कार्यक्रम र निर्णयहरुको अक्षरस कार्यान्वयनमा ल्याउनको लागि तत्पर हुने अवस्थाको सिर्जना हुने वातावरण मिलाईनेछ ।

८०. गाउँपालिका भित्र कार्यरत सम्पुर्ण कर्मचारीहरु मध्ये उत्कृष्ट सेवा प्रवाह गर्ने कर्मचारीलाई सम्मान तथा कानुन विपरितको कार्य गरी आचरण उलघंन गर्ने

तथा आफ्नो कर्तव्य पुरा नगर्ने कर्मचारीहरुलाई कानुनले तोके बमोजिमको दण्ड र जरिवाना गर्ने नीति लिईनेछ । साथै कर्मचारीसँग गरिने कार्य सम्पादन सम्झौतालाई वस्तुनिष्ठ र मापन योग्य बनाईनेछ ।

८१. सार्वजनिक सेवा प्रवाहलाई चुस्त र मितव्ययी बनाउन सुचना प्रविधिमा आधारित सरकारी एकिकृत कार्यालय व्यवस्थापन प्रणाली लागु गरिनेछ । नागरिकले सेवा प्राप्त गर्दा हुने झन्झट हटाई सेवाको लागत, समय र गुणस्तरमा सुधार गरिनेछ ।

मान्य सदस्यहरु,

८२. यस लिसंखु पाखर गाउँपालिकाको न्यायिक समिति र मेलमिलाप केन्द्रहरुलाई साधन श्रोत सम्पन्न बनाई विचाराधिन मुद्दाको शीघ्र फछर्योट गरी न्याय निरुपणमा चुस्तता ल्याउने व्यवस्था मिलाईनेछ । न्यायिक सुधारलाई निरन्तरता दिदै न्यायमा सबैको पहुँच स्थापित गरिनेछ । नि:शुल्क कानुनी सहायता सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाईनेछ ।

८३. मेलमिलप कर्ताहरुलाई आवश्यक कानुनी अभिमुखिकरण तथा तालिमको व्यवस्था गरीनेछ ।

८४. प्राकृतिक विपदबाट हुने प्रत्यक्ष आर्थिक तथा सामाजिक क्षति कम गर्न जोखिम न्युनिकरण कार्यलाई क्षेत्रगत मुलप्रवाहिकरण गरिनेछ । विपद प्रतिकार्यमा परिचालन हुने जनशक्ति तथा उपकरणको प्राविधिक क्षमता सुदृढ गर्दै एकीकृत आपत्कालिन उद्धार एवम् प्रतिकार्य प्रणालीको व्यवस्था मिलाईनेछ । आगलागी, डढेलो, बाढिपहिरो नियन्त्रण लगायतको विपद् व्यवस्थापनमा नागरिकको क्षमता र सहभागीता वृद्धि गरिनेछ ।

८५. विपदबाट प्रभावित संरचनाहरुको पुन:निर्माण तथा पुन:स्थापना कार्यलाई उच्च प्राथमिकता दिइनेछ । बाढि, हावाहुरी, चट्याङ् लगायत जल तथा मौसमजन्य विपद व्यवस्थापनको लागि पुर्व सुचना प्रणालीलाई भरपर्दो बनाईनेछ ।

८६. वञ्चितिकरणमा परेका वर्गको मुलप्रवाहिकरण एवम् लक्षित समुहको अधिकार संरक्षण तथा आर्थिक-सामाजिक र साँस्कृतिक विकास र सशक्तिकरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

८७. दलित समुदायको संबिधान प्रदत्त अधिकारको प्रत्याभुति, दलित समुदायको रैथाने सिप, ज्ञान र पेशाको आधुनिकिकरण एवम् व्यावसायिकरण सहित रोजगारी तथा जोविकोपार्जनको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

८८. आर्थिक अनुशासन तथा वित्तिय जवाफदेहिता सुदृढ गरी बेरुजु न्युनिकरण गर्न आन्तरिक लेखा परिक्षण कार्य नियमित र प्रभावकारी बनाई वित्तिय सुशासन कायम गरिनेछ। यस लिसंखु पाखर गाउँपालिकामा रहेको बेरुजु फछर्योट गर्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । साथै कार्यसम्पमदन मुल्यांकनमा वित्तिय अनुशासन पालनाको स्थिति समेतलाई आधार लिने व्यवस्था गरिनेछ।

८९. लिसंखु पाखर गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को यस नीति तथा कार्यक्रमले राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्त्वको प्रभावकारी कार्यान्वयन गर्दै जनताको सुशासन, सामाजिक न्याय र समृद्धिको आकाङ्क्षालाई आत्मसात गरेको छ । यस नीति तथा कार्यक्रमको कार्यान्वयनबाट नागरिकलाई सुरक्षा, सामाजिक संरक्षण, शिक्षा, स्वास्थ्य जस्ता सेवा सहज रुपमा उपलब्ध भई सामाजिक न्याय कायम गर्न मद्दत गर्नेछ। यसबाट नागरिकको जीवनस्तरमा गुणात्मक सुधार आई जनताको विकास र सुशासन प्रतिको उच्च अपेक्षालाई सम्बोधन गर्ने अपेक्षा गरेको छु।

९०. नेपाली जनताको ठुलो त्याग, संघर्ष र बलिदानबाट स्थापना भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको संरक्षण र संवर्द्धन गर्दै लोकतान्त्रीक र जनउत्तरदायी राजनीतिक व्यवस्थाको माध्यमबाट मुलुकलाई सुशासन र अग्रगमनको दिशामा अघि बढाउन सरकार दृढ सङ्कल्पित छ । संविधान र प्रचलित कानुनले निर्देश गरे बमोजिम राज्यका नीति र दायित्त्वको

साथै हाम्रा सङ्कल्प र प्रतिबद्धताहरुको कार्यान्वयन गरी आम नागरिकको सुशासन, विकास र समृद्धिको आकाङ्क्षालाई पुरा गर्न तथा राष्ट्रिय स्तरमा यस लिसंखु पाखर गाउँपालिकाको सम्मान र प्रतिष्ठा वृद्धि गर्न सरकारले आगामी दिनमा आफ्नो कार्यशैली र कार्य प्रणालीलाई थप जिम्मेवार, चुस्त, नतिजामुखी र नागरिकमैत्री बनाउदै लैजानेछ ।

९१. अन्त्यमा यस लिसंखु पाखर गाउँपालिकाको विकासमा योगदान गर्नुहुने राजनितिक दल, राष्ट्र सेवक, श्रमिक, निजी, सहकारी र सामुदायिक क्षेत्र, नागरिक समाज, सञ्चार जगत लगायत सम्पुर्ण दिदि बहिनी तथा दाजुभाईहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद

राजु लामा

अध्यक्ष